# गोदावरी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
अत्तरिया, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

प.सं. : २०८१।८२ मिति:२०८१।०७।३०

च.नं. : १६२४

विषय : विपन्न लक्षित छात्रवृत्तिका लागि फाराम भर्ने भराउने सम्बन्धमा ।

श्री सामुदायिक विद्यालय सबै,
गोदावरी नगरपालिका, कैलाली ।

प्रस्तुत विषय सम्बन्धमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुरको प.सं. २०८१/८२, च.नं. ४४, मिति २०८१/०७/२९ गतेको पत्रानुसार विपन्न लक्षित छात्रवृत्ति व्यवस्थापन मापदण्ड, २०८० को दफा ७ उपदफा १ (क) अनुसार सामुदायिक विद्यालयमा शैक्षिक सत्र २०८१ मा कक्षा ५ र ८ मा अध्ययनरत विद्यार्थीहरुका लागि आ.व. २०८१।८२ मा छात्रवृत्ति वितरण गर्ने प्रयोजनार्थ यसै पत्रसाथ संलग्न अनुसूची १ अनुसारको Proxy Mean Testing (PMT) फाराम सम्बन्धित विद्यालयबाट तपसिल बमोजिम भर्ने व्यवस्था गर्नुहुन अनुरोध छ । साथै शिक्षा तथा मानव स्रोत विकास केन्द्रको छायाँ प्रति यसै पत्रसाथ संलग्न रहेको जानकारी गरिन्छ ।

..............
प्रयागराज जोशी
शाखा अधिकृत

शाखा अधिकृत

फोन नं. ०९१-५०८०००/०९१-५०८००१/०९१-५०८००३
ई-मेल info@godawarimunkailali.gov.np
वेबसाइट https://godawarimunkailali.gov.np/
"आत्मनिर्भर सुन्दर समृद्ध गोदावरी"

नेपाल सरकार
शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय
# शिक्षा तथा मानव स्रोत विकास केन्द्र
समावेशी शिक्षा शाखा
सानोठिमी, भक्तपुर

फोन : ०१–६६३१०७५
फ्याक्स : ०१–६६३१९७२

प.सं.:- २०८१/०८२
च.नं. ४४

श्री स्थानीय तह
सबै।

मिति : २०८१।०७।२९

**विषयः विपन्न लक्षित छात्रवृत्तिका लागि फाराम भर्ने भराउने सम्बन्धमा।**

विपन्न लक्षित छात्रवृत्ति व्यवस्थापन मापदण्ड, २०८० को दफा ७ उपदफा १(क) अनुसार सामुदायिक विद्यालयमा शैक्षिक सत्र २०८१ मा कक्षा ५ र ८ मा अध्ययनरत विद्यार्थीहरूका लागि आ.व. २०८१।०८२ मा छात्रवृत्ति वितरण गर्ने प्रयोजनार्थ यसै पत्रसाथ संलग्न अनुसूची १ अनुसारको Proxy Mean Testing (PMT) फाराम सम्बन्धित विद्यालयबाट तपसिल बमोजिम भर्ने भराउने व्यवस्था गर्नुहुन यस केन्द्रको मिति २०८१।०७।२९ को निर्णयानुसार अनुरोध छ।

सविता दङ्गाल
निर्देशक

तपसिलः

## १. PMT फाराम भर्ने भराउने प्रकृयाका लागिः

१.१ यस केन्द्रको वेबसाइट https://cehrd.gov.np वा एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (Integrated Educational Management Information System-IEMIS) को वेबसाइट https://emis.cehrd.gov.np मा गई PMT फाराम डाउनलोड गरी सूचना प्रकाशन भएको मितिले ४५ दिन भित्रमा फाराम भराई IEMIS प्रणालीमा प्रविष्टि गर्नुपर्नेछ ।

१.२ उक्त फाराम विद्यालयले प्रिन्ट गरी कक्षा ५ र कक्षा ८ मा अध्ययनरत फाराम भर्न इच्छुक विद्यार्थी वा अभिभावकलाई उपलब्ध गराउनुपर्नेछ।

१.३ सम्बन्धित विद्यार्थीले विद्यालयबाट उपलब्ध भएको फाराममा उल्लिखित सम्पूर्ण सूचकहरू सत्य साँचो भरी आफ्नो अभिभावकबाट प्रमाणित गराई प्रधानाध्यापक समक्ष पेश गर्नुपर्नेछ।

१.४ सम्बन्धित विद्यार्थी वा अभिभावकबाट पेस भएको फाराम प्रधानाध्यापकले रुजु र सही छाप गरी स्थानीय तहमा प्रमाणीकरण (Verification) का लागि पेश गर्नुपर्नेछ।

१.५ विद्यालयले माथि उल्लेखित प्रक्रिया पुऱ्याई विद्यालयमा प्राप्त भएका PMT फारामहरू शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेबसाइट https://emis.cehrd.gov.np मा लगइन गरी सम्पूर्ण सूचकहरू भर्नु भराउनु पर्नेछ।

## २. IEMIS मा PMT फाराम प्रविष्टी गर्नको लागिः

२.१ यस केन्द्रको वेबसाइट https://emis.cehrd.gov.np मा लगइन गरी Dashboard मा रहेको मेनुमा थिच्नुहोस्।

२.२ PMT मेनुमा थिच्नुहोस्। त्यसपछि वर्षमा २०८१, कक्षामा ५ र ८ छान्नुहोस्। Load मा थिच्नुहोस्।

२.३ PMT फाराम भरेको विद्यार्थीको नामको दायाँ तर्फ रहेको Action मा थिच्नुहोस्। PMT फारम खुल्छ। तहाँ विद्यार्थीको प्रमाणित PMT फाराममा भरेका विवरण हुबहु भर्नु पर्नेछ।

२.४ PMT फाराम IEMIS मा प्रविष्ट गरेपछि प्रमाणित फाराम विद्यालयले सुरक्षित राख्नु पर्नेछ।

बोधार्थः

श्री शिक्षा विकास निर्देशनालय,
सबै प्रदेशः आवश्यक समन्वय एवम् सहजीकरण गर्नु हुन।

श्री शिक्षा विकास तथा समन्वय इकाइ,
सबैः विवरण प्रविष्टी वा सम्प्रेषण गर्ने कार्यमा आवश्यक समन्वय एवम् सहजीकरण गर्नु हुन।

श्री सामुदायिक विद्यालय (सबै) : उपरोक्तानुसारको PMT फाराम भर्न भराउनु हुन र सोको विवरण IEMIS प्रणालीमा प्रवृष्टी गर्नुहुन।